आज मिति २०८२ साल ज्येष्ठ २६ गते सोमवार यस कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुबिन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |

| | | | |
|---|---|---|---|
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना सुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | बैठक सञ्चालन सहयोगी कर्मचारी | | |
| १ | परेश बे.बुढा | लेखा अधिकृत | |
| २ | गोबिन्द खड्का | अधिकृत छैठौं | |
| ३ | होमान कार्की | IT | |
| | | | |
| | | | |

मिति २०८२ ज्येष्ठ २६ गते ~~आइत~~सोमबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

## प्रस्तावहरू:

१. आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

२. वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धमा ।

३. कोशी प्रदेश पर्यटन वर्षको लोगो र नारा सम्बन्धमा ।

४. ठेक्का म्याद थप सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

## निर्णयहरू:

१. नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तह सबैले तत् तत् तहको सभाबाट नीति, बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकारले प्रत्येक वर्षको ज्येष्ठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय तहले असार १० गते भित्र नीति, बजेट तथा कार्यक्रम सभामा पेश गर्नुपर्ने संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम कटारी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि स्रोत अनुमान तथा सीमा निर्धारण समिति, स्थानीय राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, विषयगत शाखा, गैर सरकारी संस्थाहरू सबैलाई आ-आफ्नो क्षेत्राधिकारका विषयमा प्रतिवेदन र निर्णय पेश गर्न लगाउने तथा कार्यप्रारम्भ थाल्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

२. यस नगरपालिकाको वडा नं. ३ र ५ को तावा खोला र ककरू खोला र यसका सहायक खोलाहरू, वडा नं. ७ को तावा खोलाको कपुर दहदेखि माझी गाउँ तथा वडा नं. १ र २ को कमलामाई खोला तथा यसको आसपासको खोलाको प्रारम्भिक वातावरणीय परीक्षण २०८० कार्त्तिकमा भएको देखिन्छ। आगामी आ.व. २०८२/०८३ मा उक्त खोलामा ढुङ्गा, गिट्टी तथा वालुवा उत्खननको ठेक्का लगाउन उक्त परीक्षण प्रतिवेदनको अवधी २ वर्ष पुग्ने भएकोले पुनरावलोकन (Review) वा आवश्यकता अनुसार नयाँ प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. कोशी प्रदेश सरकार, पर्यटन मन्त्रालयको प.सं. २०८१/८२, च.नं. १३९१ तथा मिति २०८१/१२/३१ को पत्रबाट कोशी प्रदेश भित्रका सबै स्थानीय तहलाई कोशी पर्यटन वर्ष, २०८२ को लोगो र नारा स्थानीय तहको लेटर हेडमा राख्न अनुरोध भए बमोजिम यस कटारी नगरपालिकाले मिति २०८२/०४/०१ देखि राख्ने सर्वसम्मत निर्णय गरियो ।

| लोगो | नारा |
|---|---|
| कोशी प्रदेश<br>पर्यटन वर्ष २०८२ | कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान। |

४. यस नगरपालिकाको चालु आ. व. २०८१/८२ को लागि विनियोजित बजेट तर्फ कटारी नगरपालिकाको सडक कालोपत्रे गर्न म्याद थपको सम्बन्धमा प्राप्त पत्र उपर यस प्रकार सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेक्का नं. | काम सुचारू नहुनुको कारण | निर्णयको व्यहोरा |
|---|---|---|---|---|
| १. | Raut/Ambika J/V, Triyuga Municipality-11, Udayapur | KMUN/W/NCB/05/080/081 | जग्गा विवाद | Performance Guarantee को म्याद यकिन गरी म्याद थप गर्ने |
| २. | Ambika Nirman Sewa, Triyuga Municipality-11, Udayapur | KMUN/W/NCB/09/080/081 | मौसम | |

५. विविध अर्न्तगत यस प्रकारका विषयमा निर्णय गरियो:

५.१ एसजेवीएन अरूण-३ पाँवर डवलेपमेंट कंपनी प्रा. लि. को Ref.No. SAPDC/TL/JNK/403 D/2025- 6296 तथा मिति २०८१/१२/२६ पत्रबाट जलविद्युत आयोजनाको नाममा खरिद हुने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरेको र सो सुविधा प्राप्त गर्न जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकबाट छुट दिने निर्णय आवश्यक पर्ने भएकोले उक्त निर्णय र सिफारिस माग भई आएको छ । सो सम्बन्धमा कोशी प्रदेश सरकारको खण्ड ६) विराटनगर, नेपाल, असार १३ गते, २०८१ साल (अतिरिक्ताङ्क ३ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐनको अनुसूची- १ (घ)२. विविध शीर्षकमा व्यवस्था गरेको देखिएकोले उक्त छुट सिफारिस दिने सर्वसम्मत निर्णय गरियो ।

५.२ नेपाल नगरपालिका संघको Ref. ३५-२०८१/०८२ तथा मिति २०८१/०५/२१ पत्रबाट यस नगरपालिकाको आ.व. २०७९/८० देखि चालु आ. व. २०८१/०८२ सम्म ३ वर्षको प्रति वर्ष २५,०००/- का दरले हुन आउने रू. ७५,०००/- रकम नेपाल नगरपालिका संघको खातामा जम्मा गरी सदस्यता नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

५.३ जिल्ला अस्पताल उदयपुरको पत्र संख्याः २०८१/०८२, च.नं. १०७३ तथा मिति २०८२/०२/१९ को पत्रबाट जिल्ला स्तरीय लैङ्गिक हिंसा सम्बोधनका लागि निर्देशक समितिको मिति २०८१/१२/१८ को बैठकको निर्णय अनुसार चालू आ.व. २०८१/८२ मा जिल्ला अस्पताल उदयपुरमा अवस्थित अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको लागि यस नगरपालिकाको तर्फबाट जम्मा गर्नुपर्ने रू. ३,००,०००/- (अक्षरूपी तीन लाख रूपैयाँ मात्र) रकम आगामी आ.व. २०८२/८३ को बजेटबाट विनियोजन गरी माग भए बमोजिमको कार्यालयको खातामा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो।

५.४ कटारी नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको २०८२ साल जेठ १८ गते बसेको बैठकबाट गरिएको देहाय अनुसारको राहत सहयोग उपलब्ध गराउने निर्णयहरू यस नगरपालिकाको कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | प्रकोपमा परेका पिडितहरुको नाम | वडा नं. | क्षेत्र/टोल | विपद्को प्रकृति | राहत रकम |
|---|---|---|---|---|---|
| १ | लक्ष बहादुर राई | ४ | गबुवा | आगलागी | २५००० |
| २ | टिका माया राई | ६ | साखुले | आगलागी | २५००० |
| ३ | सुर्य बहादुर पुवार मगर | १४ | लेखानी | आगलागी | २५००० |
| ४ | पवित्रा रोका क्षेत्री | १० | सोरुङ्ग छविसे | हावाहुरी | १५००० |
| ५ | रमेश प्रसाद श्रेष्ठ | ६ | रिस्कु | हावाहुरी | ७००० |
| ६ | विष्णु बहादुर कार्की | ९ | लिम्पटार | हावाहुरी | ६००० |
| ७ | हिमाल कुमारी बुढाक्षेत्री | ९ | कालीखोला | हावाहुरी | १०००० |
| ८ | हिल बहादुर श्रेष्ठ | १३ | पिपलबोट | हावाहुरी | ७००० |
| ९ | नवराज श्रेष्ठ | १३ | पिपलबोट | हावाहुरी | १५००० |
| १० | भीम बहादुर विश्वकर्मा | १३ | भुस्कुन | हावाहुरी | १०००० |

| क्र.सं. | प्रकोपमा परेका पिडितहरुको नाम | वडा नं. | क्षेत्र | विपद्को प्रकृति | जाली | इकाई | पाईप २५ एम.एम | इकाई |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेत्र बहादुर विष्ट | १० | डुङ्गडुङ्गे | बाढी | | | ३०० | मिटर |
| २ | तुल बहादुर जिम्बा | १ | खसिवास | कटान | ५ | थान | | |
| ३ | जोख माया परियार | २ | गरास | पहिरो | १० | थान | | |
| ४ | दिनेश प्रसाद श्रेष्ठ | ६ | धप्पर | कटान | १० | थान | | |

५.५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) को च. नं. २४२, मिति २०८१/११/२३ गतेको पत्रानुसार सूचना प्रविधि अधिकृतको योग्यता, पारिश्रमिक सम्बन्धी कम्प्युटर ईन्जिनियर वा कम्प्युटर राजपत्रांकित तृतीय श्रेणी सरहको पद रहने व्यवस्था भएकोले, कोशी प्रदेशको कानुन अनुसार अधिकृत छैठौं तहलाई तह वृद्धि तह/बढुवा तह उल्लेख भएको हुँदा सूचना प्रविधि अधिकृतलाई सातौं तहमा कायम गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

५.६ यस कटारी नगरपालिकामा कार्यरत पब्लिक हेल्थ नर्स समूह, सहायकस्तर पाँचौं तह, सि.अ.न.मी. पदमा कार्यरत कर्मचारी श्री पुजन कुमारी (क.सं.नं. २२९७२०) ले चिकित्सा शिक्षा आयोगद्वारा सञ्चालन गरिएको स्नातकोत्तर तहको प्रवेश परीक्षा उत्तीर्ण गरी सरकारी कोटामा छात्रवृत्ति प्राप्त गरेको हुँदा **Master of Nursing** शैक्षिक कार्यक्रममा अध्ययन गर्न **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३** को दफा ३२(क) बमोजिम मनोनयन हुनु भएको हुँदा **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,** २०८० को दफा १२० र १२४ बमोजिम मिति २०८२/०३/११ देखि २०८४/०३/१० सम्म दुई (२) वर्षको लागि अध्ययन बिदा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो।

५.७ कटारी नगरपालिका र यसै नगरपालिकाको वडा नं. ३ बस्ने ज्योतीहाङ्ग राई (ना.प्र.नं. ) का बीचमा मिति २०८२/०२/०६ मा भएको सम्झौता अनुसार विद्यालय तथा वडा खेलकुद प्रशिक्षकमा नियुक्त हुनु भएका निज ज्योतीहाङ्ग राईलाई कटारी नगरपालिका, वडा नं. ३ लाई विनियोजन भएको सिलिङ्गबाट मासिक रूपमा रू. १९,०००/- (अक्षरूपी उन्नाइस हजार रूपैयाँ मात्र) बाट नबढ्ने गरी तलब निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

५.८ आ.व. २०७९/८० को नगरसभाबाट बर्थिङ्ग सेन्टर साझेदारी शीर्षकमा विनियोजित बजेट तथा कार्यक्रमबाट यसै नगरपालिका र One Heart Worldwide बीच भएको सम्झौता अनुसार One Heart Worldwide संस्थाको लागतबाट कन्टिन्जेन्सी सम्झौता बापतको साझेदारी रकम रू. २,५०,०००/- (अक्षरूपी दुई लाख पचास हजार मात्र) यस नगरपालिकाको वडा नं. १४ मा अवस्थित स्वास्थ्य चौकी लेखानीलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

५.९ कटारी नगरपालिकाको वडा नं. १४ स्थित रमाइलो डाँडा पर्यटन पार्क निर्माण गर्न यस नगरपालिकासँग सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र निर्माणाधिन पार्कको जग्गा व्यक्तिको नाममा रहेकोले सो जग्गा प्राप्तिको लागि मालपोत कार्यालय, कटारीलाई समन्वयको लागि लेखी पठाउने निर्णय सर्वसम्मतले गरियो।

५.१० कटारी नगरपालिकाको वडा नं. ८ को ढाँपटार निवासी श्री लाख बहादुर राई (ना.प्र.नं. ९४४१/१२४४१) लाई कलेजो सम्बन्धी जटिल स्वास्थ्य समस्या देखी काठमाडौं मेडिकल कलेज, काठमाडौंमा उपचाररत रहेको तथा निजको आर्थिक अवस्था कमजोर हुँदा नियमित उपचार गर्न नै

समस्या भएको भनी यसै नगरपालिकाको वडा नं. ८ (प.सं.२०८१/८२, च.नं. ८६५ तथा मिति २०८२/०१/२२) बाट सिफारिस समेत प्राप्त हुन आएकोले तत्काल निजलाई रू. ५०,०००/- (अक्षरूपी पचास हजार मात्र) निज बिरामीको आफ्नै छोरी अम्बिका राईको नाममा आर्थिक सहायता प्रदान गरी उपचार प्रक्रिया सहजीकरण गर्ने सर्वसम्मतले निर्णय गरियो ।

५.११ तपशील बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरूप आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.सं. | बिरामी को नाम, थर | ठेगाना | रोगको प्रकृति | संलग्न कागजात | सहायता रकम रू. |
|---|---|---|---|---|---|
| १. | मान बहादुर क्षेत्री (ना.प्र.न. ८४४५/२३३६, उदयपुर) चेक जारी हुने आफन्त श्रीमती नाताको अम्बिका देवी क्षेत्री | कटारी न.पा.-४ | प्रोस्टेट र मानसिक समस्या | सम्बन्धित वडाको सिफारिस र बिराट मेडिकल कलेज, बिराटनगर | रू. २५,०००/- |
| २. | दिपशिखा श्रेष्ठ (नाबालिका, वर्ष १०) चेक जारी हुने आफन्त बुवा नाताको केशव श्रेष्ठ | कटारी न.पा.-४ | मुटुमा प्वाल परेको | सम्बन्धित वडाको सिफारिस र शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं | रू. २५,०००/- |